**ओखरपौवा तिनपिप्ले २२० के.भी. प्रसारण लाइन आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारीको क्रममा आयोजना गरिने सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धी सूचना।**

(प्रकाशित मितिः २०८२/०९/२१)

नेपाल विद्युत प्राधिकरणको स्वामित्व रहेको त्रिशूली 3B हब - मातातिर्थ २२० के.भी. प्रसारण लाइन आयोजनाको टावर नं ३७/२ बाट ट्यापिङ्ग गरि यस आयोजना अन्तर्गत निर्माण हुने तीनपिप्ले सबस्टेशनसम्म लैजानको लागि २२० के.भी. को विद्युत प्रसारण लाइन प्रस्ताव गरिएको छ। प्रस्तावित प्रसारण लाइन बागमती प्रदेशको धादिङ जिल्लाको धुनिवेशी नगरपालिका वडा नं १ स्थित खाल्टेटारमा रहको त्रिशुली 3B हब - मातातिर्थ २२० के.भी. प्रसारण लाईन आयोजनाको टावर नं. ३७/२ बाट सुरु भई बागमती प्रदेशकै नुवाकोट जिल्लाको ककनी गाउँपालिका वडा नं. १ हुदै काठमाडौं जिल्लाको तारकेश्वर नगरपालिका वडा नं. ३, कोट गाउँमा प्रस्तावित तीनपिप्ले सबस्टेशनमा जोडिनेछ।

**प्रस्तावित आयोजनाबाट प्रभावित हुने जिल्ला, स्थानीय निकाय र वडाहरुः**

| क्र.सं. | जिल्ला | गाउँपालिका /नगरपालिका | वडा नं. |
|---|---|---|---|
| १ | काठमाडौं | तारकेश्वर नगरपालिका | ३ |
| २ | नुवाकोट | ककनी गाउँपालिका | १ |
| ३ | धादिङ | धुनिवेसी नगरपालिका | १ |

माथि उल्लिखित प्रसारण लाइन र सबस्टेशन आयोजना कार्यान्वयनबाट आयोजना क्षेत्रको भौतिक तथा रासायनिक वातावरण, जैविक वातावरण, सामाजिक-आर्थिक तथा सांस्कृतिक वातावरणहरूमा के कस्तो प्रभाव पर्दछ भनि यकिन गर्न प्रस्तावकद्वारा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनको मस्यौदा तयार गरिएको छ। सोही मस्यौदा प्रतिवेदनको आधारमा आयोजनाबाट प्रभावित क्षेत्रमा सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गर्नुपर्ने वातावरण संरक्षण ऐन २०७६ तथा वातावरण संरक्षण नियमावली २०७७ मा भएको प्रावधान बमोजिम प्रस्तावसँग सरोकार राख्ने सरोकारवालाहरूलाई निम्न स्थान, मिति र समयमा उपस्थित हुन अनुरोध गर्दै यो सूचना प्रकाशित गरिएको छ ।

**सार्वजनिक सुनुवाई हुने मिति, स्थान र समय**

| **सार्वजनिक सुनुवाई हुने स्थान** | **मिति** | **समय** |
|---|---|---|
| प्रस्तावित तिनपिप्ले सबस्टेशन नजिकको चौतारा, तारकेश्वर नगरपालिका वडा नं ३, कोट गाँउ | २०८२/०९/२८ | बिहान ११:०० बजे |
| सर्वेश्वर मन्दिर, धुनिबेशी नगरपालिका वडा नं १, सिम्खडा गाँउ | २०८२/०९/२९ | बिहान ११:०० बजे |

साथै सार्वजनिक सुनुवाई कार्यक्रममा उठेका सवालहरू प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा समावेश गरिने जानकारी समेत गराइन्छ।

**नेपाल विद्युत प्राधिकरण**
**दरबारमार्ग, काठमाडौं**
**फोन नं. ०१-४१५३०५४**